# सूचना अधिकारी तोकिएको तथा सूचना अध्यावधिक तथा प्रकाशन गरिएको सम्बन्धी हिमालयन बैंक लिमिटेडको सूचना

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम यस बैंकसंग सम्बन्धित देहायका सूचना सुचीकृत गरी प्रकाशन गरिएको छ**

**क. निकायको स्वरूप र प्रकृतिः**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित बैंक ।

**ख. निकायको काम कर्तव्य र अधिकारः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ मा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**
हाल कर्मचारी संख्या ८३४ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरू मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद http://www.himalayanbank.com/executive मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बधी ऐन २०७३ बमोजिम क वर्गका बैंककले दिन सक्ने सम्पूर्ण बैंकिंग सेवाहरू ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
यस बैंकको शाखा र जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेबसाइट http://www.himalayanbank.com मा उपलब्ध छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी अथवा हिमालयन बैंकको वेबसाइटबाट जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**
बैंकको कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरूले गर्न सक्ने व्यवस्था/प्रक्रिया मिलाइएको छ।
प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिती अन्तिम निर्णय कर्ताको रुपमा रहेको छ ।

**ज. निर्णय उपर उजुरी सन्ने अधिकारीः**
ग्राहकहरूको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रियस्तरमा कानून शाखाका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना यस प्रकार रहेका छः

**श्री महेश्वरप्रसाद जोशी**
**सहायक महाप्रबन्धक (प्रमुख कानून तथा शेयर विभाग)**
हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.पा.-२८,
कमलादी, काठमाडौं, फो.नं: ०१-४२२७७४९, इमेलः maheshwor.joshi@himalayanbank.com

**झ. सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरूले गर्नसक्ने सम्पूर्ण बैंकिंग कारोवारहरू सम्पादन भैरहेका छन् ।

**ञ. प्रमुख सूचना अधिकारीको नाम र पदः**
ग्राहकहरूलाई आवश्यक सूचना प्रदान गर्न तपसील बमोजिमका अधिकारीहरूलाई तोकिएको छ ।
निजको नाम तथा ठेगाना यस प्रकार रहेका छः

**श्री सुशील जोशी**
**महा-प्रबन्धक (प्रमुख सूचना अधिकारी)**
हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.म.पा.-२८,
कमलादी, काठमाडौं, फो.नं: ०१-४२२७७४९, इमेलः sushiel.joshi@himalayanbank.com

साथै यस बैंकका शाखा कार्यालयहरूमा सम्बन्धित शाखा प्रमुखहरूलाई सूचना अधिकारीका रूपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकले पालना गर्नु पर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू बैंकिंग कार्यकालागि प्रमुख रूपमा रहेका छन् :

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल रास्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिंग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्दिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि
१२. उपर्युक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू
१३. नेपाल रास्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरू

**ठ. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः**
बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अध्यावधिक विवरणहरू रास्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ साथै त्यस्तो विवरण बैंकको वेबसाइट www.himalayanbank.com मा समेत उपलब्ध छ ।

**ड. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ

**नामः श्री अशोक शमशेर ज.व.रा.**
ठेगानाः हिमालयन बैंक लिमिटेड, प्रधान कार्यालय, का.मा.पा-२८, कमलादी, काठमाडौं,
फो.नं: ०१-४२२७७४९, इमेलः ashoke.rana@himalayanbank.com

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण**
यस बैंकले बैंकिंग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण**

**www.himalayanbank.com**

**ग. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**
वार्षिक विवरणहरू पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ साथै बैंकको आर्थिक विवरणहरू त्रैमासिक रूपमा विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिका का साथै बैंकको वेबसाइटमा समेत प्रकाशन गर्ने गरिएको छ ।

---

HBL | हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
सामान्य प्रशासन विभाग, कमलादी, काठमाडौं ।
फोन नं. ०१-४२४६२१८,०१-४२४६२१९, पो.ब.नं. २०५९०, फ्याक्स् नं. ९७७-०१-४२१२९३३